नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
क्षीरेश्वरनाथ नगरपालिका कार्यालय
महेन्द्रनगर,धनुषा

**बजार, पोखरी ठेक्का बन्दोवस्ती सम्बन्धी १५(पन्ध्र) दिने सुचना**
**प्रथम पटक प्रकाशित मिति २०७३।०३।०९ गते**

यस नगरपालिका अधिनस्त रहेको निम्न बजारको आ.व.२०७३/०७४ को श्रावण १ गते देखि २०७४ असार मसान्त सम्मका लागि बजार बटी कर उठाउन ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले तपसिलको शर्तहरुको अधिनमा रही इच्छुक नेपाली नागरिक फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र रित्त पुर्वकको शिलबन्दी वोलपत्रमा भाग लिनका लागि यो १५ दिने सुचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | विवरण | न्युनतम ठेक्का रकम | बोलपत्र फारम दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र दाखिला गर्ने मिति र समय | बोलपत्र खोल्ने मिति र समय | बोलपत्र खोल्ने स्थान |
|---|---|---|---|---|---|---|---|
| ६ २०७२ ०७३ | नयाँ कृषि बजार क्षी.न.पा.७ | ९,७५,०००।- | ५००।- | १५औं दिन कार्यालय समय सम्म | १६ औं दिनको १२ बजे सम्म | १६ औं दिनको १ बजे | क्षी.न.पा. कार्यालय |
| ७ २०७२ ०७३ | बजार ठेक्का क्षी.न.पा.५ | ५,००,०००।- | ५००।- | १५औं दिन कार्यालय समय सम्म | १६ औं दिनको १२ बजे सम्म | १६ औं दिनको १ बजे | क्षी.न.पा. कार्यालय |
| ८ २०७२ ०७३ | स्मसानघाट पोखरी क्षी.न.पा.८ | ५,५०,०००।- | ५००।- | १५औं दिन कार्यालय समय सम्म | १६ औं दिनको १२ बजे सम्म | १६ औं दिनको १ बजे | क्षी.न.पा. कार्यालय |

१. वोलपत्र फारमवापत प्रत्येक ठेक्काको छुट्टा छुट्टै रु. यस ५००।- को नगदी रसिद बुझाई यस कार्यालयबाट १५ दिन भित्र वोलपत्र फारम खरीद गर्न सकिने छ ।

२. प्रत्येक ठेक्काको छुट्टा छुट्टै वोलपत्रमा ठेक्का कबुल रकमको ५प्रतिशतले हुने रकम यस कार्यालयको ने.रा.बैंक जनकपुर स्थित धरौटी खाता नं. १६०४७०३।००१-०३०-५२४ कार्यालय कोड नं.१७-३६५-०३ मा नगद रकम जम्मा गरेको सक्कलै बैंक भौचर साथ बोलपत्रदाताले आफनो नेपाली नागरिकताको प्रतिलिपी र फर्मको हकमा प्यान दर्ता प्रमाण पत्र, इजाजत पत्र समेतको प्रतिलिपी पेश गर्नु पर्ने छ ।

३. वोलपत्र दाताले फारम भर्दा आफुले कबोल गरेको ठेक्का रकम अंक र अक्षरमा स्पष्ट रुपमा लेखि खामबन्दी गरी शिल लाह छाप लगाई खामको माथि आफनो नाम , ठेगाना र ठेक्का नं. लेखि बोलपत्र फारम दर्ता गराउनु पर्ने छ ।

४. बोलपत्र फारममा भरेको रकमको अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ।

५. बोलपत्र खरिद गर्ने तथा दर्ता गराउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य भोली पल्ट कार्यालय खुलेको दिनमा गरिनेछ।

६. न्यूनतम ठेक्का रकम भन्दा सबभन्दा बढी ठेक्का रकम कबोल गर्ने बोलपत्र दाताको बोलपत्र स्वीकृत गरिनेछ।

७. बोलपत्र स्वीकृत पश्चात ७ दिन भित्र सम्झौता गर्न आउदा सम्झौता गर्न आउँदा पहिलो किस्ताको रकम यस कार्यालयको खाता नं.मा जम्मा गरेको सक्कल भौचर र बाँकी २ किस्ता रकम वापतको २०७४ असार मसान्त सम्म म्याद भएको नेपाल सरकारको मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी बैंक जमानत लिई सम्झौता गर्न आउनु पर्ने छ

८. दोस्रो किस्ता २०७३ मंसिर मसान्त भित्र र बाकी रहेको तेस्रो किस्ता २०७३ फाल्गुन मसान्त भित्र बुझाई सक्नुपर्ने छ।

९. कबोल गरेको सम्पूर्ण ठेक्का रकम एकमुष्ट बुझाएमा १०% छुट दिइने छ।

१०. बजारमा बटी कर उठाउने कर्मचारी सम्बन्धी सम्पूर्ण खर्च तथा अन्य लाग्ने राजस्व तथा कर स्वयंम ठेकेदारले व्यहोर्नु पर्ने छ।

११. बन्दी ,हडताल भएमा ठेक्का रकम सकार भएको रकममा कुनै छुट मिन्हा दिने छैन।

१२. ठेकेदारले बजारको बटी कर नगर परिषदबाट निर्धारण भएको दर अनुसार उठाउनु पर्ने छ।

१३. ठेकेदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्ने छ।

१४. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने संम्पुर्ण अधिकार न.पा.मा निहित रहने छ।

१५. केरमेट भएको ,सहि छाप नभएको, म्याद नाघी दर्ता हन आएको बोलपत्र स्वीकृत गरीने छैन।

१६. बोलपत्र दाता तथा न.पा. बिच कुनै किसिमको मंत भिन्नता भएमा न.पा.को निर्णय अन्तिम हुने छ।

१७.बोलपत्र फारम भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षर स्पष्ट रुपमा भरी राम्ररी खामबन्दी गरी शिल लाहा छाप लगाई आफ्नो नाम र ठेगाना समेत लेखि वजार ठेक्काको शिलबन्दी बोलपत्र १५औ दिनको १२ बजे सम्म यस न.पा. कार्यालयमा दर्ता गराईसक्नु पर्ने छ।

१८. दर्ता हुन आएका सिलवन्दी बोलपत्र फारम १६औ दिनको १ वजे सम्बन्धित प्रतिनिधिहरुको रोबहरमा खोलिने छ, उक्त समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोलिने कार्य रोकिने छैन।

१९.ठेक्का अबधि मिति २०७३ साल श्रावन १ गते देखि २०७४ अषाढ मसान्त सम्म १ (एक)वर्ष लागि मात्र कायम रहनेछ।।

कार्यकारी अधिकृत
उमेश कुमार यादव